# स्यालो ट्युववेल/सोलार पम्प जडान/ईनार निर्माण अनुदान कार्यक्रमको प्राबिधिक मापदण्ड तथा संचालन विधी, २०७६

१. **संक्षिप्त नाम र प्रारम्भ** : (१) यस प्राविधिक मापदण्ड तथा संचालन विधिको नाम "स्यालो ट्युववेल/सोलार पम्प जडान/ईनार निर्माण अनुदान कार्यक्रमको प्राबिधिक मापदण्ड तथा संचालन विधी, २०७६" हुनेछ।

(२) यो प्राविधिक मापदण्ड तथा संचालन विधि "कृषि क्षेत्रमा अनुदान परिचालन कार्यविधि, २०७६" (प्रदेश मन्त्रीपरिषद, निर्णय मिती २०७६/०९/१३) को दफा ४ को उपदफा २ ले दिएको अधिकार प्रयोग गरी श्री भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय (मन्त्रिस्तरीय निर्णय)वाट स्विकृत भएको मितिदेखि लागु हुनेछ ।

२. **परिभाषा** :

**"स्यालो ट्युववेल"** भन्नाले ६० मिटर सम्म जमीन मुनिको गहीराईबाट अधिकतम १० से.मी व्यासको पाईपको माध्यमबाट Centrifugal system द्वारा पानी तानिने संरचनालाई बुझ्नु पर्छ ।

**"सोलार पम्प"** भन्नाले सोलार प्यानल तथा सो संग सम्विन्धित विधुतीय उपकरण सहितको प्रणाली जडान गरि Centrifugal system द्वारा जमिन मुनिबाट पानी तानिने संरचनालाई बुझ्नु पर्छ ।

**"इनार"** भन्नाले ट्युबवेल र अन्य भरपर्दो बैकल्पिक सिंचाई श्रोत नभएको भावर क्षेत्र (सामान्यतया चुरेको फेद देखिं तल्लो तटीय भागमा खोला/खोल्सिको भूमिगत पानी जमिनको सतहमा निस्किने स्थान सम्म)मा सामुहिक सिंचाई प्रयोजनको लागी पक्कि कुवा निर्माण गरी Centrifugal system द्वारा पानी तानिने संरचनालाई बुझ्नु पर्छ।

३. **उद्देश्य** : तरकारी खेति, विरुवा नर्सरी, खाधान्न खेति, पुष्प खेति, फलफुल बगैचा, माछा पालन, पशुपालन, साना/घरेलु कृषि उद्योग आदी जस्ता कृषि क्षेत्रमा आवश्यक पर्ने सिंचाई/जल आपूर्तिको लागि अन्य बैकल्पिक श्रोत नभएको स्थलमा भुमिगत जलको प्रभावकारी र दिगो हुने गरी उपयोग बढाउनु ।

४. **कार्यक्रम संचालन गर्ने निकायः** मन्त्रालय/निर्देशनालय/केन्द्र लगायतका कार्यालयहरु ।

५. **प्राविधिक मापदण्ड**

५.१. अनुदानग्राहीको किसिम : (१) यस कार्यक्रम अन्तर्गत असिंचित क्षेत्र तथा तोकिएको कृषिजन्य उद्यम गर्ने देहाय बमोजिमका अनुदानग्राही हुन सक्नेछन् ।

- कृषकः निजि वा भाडामा जग्गा लिई तरकारी खेति, विरुवा नर्सरी, खाधान्न खेति, पुष्प खेति, फलफुल बगैचा जस्ता बाली वा पशुपालन वा माछापालन वा कृषि उत्पादनमा संलग्न नेपाली कृषक ।

- कृषक समुह/संस्थाः स्थानीय निकायमा दर्ता/नवीकरण (साबिक जिल्ला कृषि बिकास कार्यालय/पशु सेवा कार्यालयद्वारा गठित समुह समेत) भइ PAN नम्बर प्राप्त गरेका ब्यवसायिक कृषकहरुको समुह/उपभोक्ता समिति वा कर चुक्ता गरेका संस्था ।
- सहकारी संस्था : प्रचलित कानुन अनुसार दर्ता भई कर चुक्ता तथा नवीकरण भएका कृषि सहकारी संस्था एवं कृषि उत्पादनमा संलग्न अन्य सहकारी संस्था ।
- कृषि उत्पादनमा संग्लन निजी फर्म/उद्यमी : प्रचलित कानुन अनुसार दर्ता भई नवीकरण भएका निजि कृषि फर्म/उद्यमी ।
- ईनारको हकमा कृषक समूह/सहकारी संस्था मात्र अनुदानको लागि योग्य हुन सक्ने छन्।

५.२. **अनुदानका शर्तहरु** : (१) स्यालो ट्यूववेल/ईनार सिंचाई पुर्याउने खेतियोग्य जग्गाको हकमा १५० मिटर अर्धब्यास भित्र २ बिघा, माछापालनको लागि १.५ बिघा, कृषि/कृषि वन नर्सरीको लागि ५ कठ्ठा, संरक्षित खेति/कृषि फर्म/उद्यमी/पशुपन्छीपालनको हकमा आवश्यकता र औचित्यको आधारमा सिंचाई/जल आपूर्ति सुविधा उपलब्ध गराइने छ ।

तर सोलार पम्पको हकमा जग्गाको हदबन्दी लाग्ने छैन।

(२) ट्युववेल/सोलार पम्प जडान/ईनार निर्माण गरिएको प्लटको छिमेकी जग्गाहरुमा समेत उक्त ट्युववेल/सोलार पम्प/ईनारबाट सिंचाई सेवा उपयोग गर्नवाट वन्चित गर्न पाईने छैन ।

(३) साविकमा आफ्नै लगानीमा जडान गरिएका स्यालो ट्यूववेल/निर्माण गरिएका ईनारवाट पानी तानेर सिंचाई गर्न Centrifugal system वा सोलर पम्प जस्ता मेसिनरी उपकरणहरुको खरिदको लागि समेत अनुदान दिन सकिने छ।

५.३. **मुल्यांकनका आधारहरुः** (१) मुल्यांकनका लागि सुचिकृत परियोजनाहरुलाई फारम नं ५ को आधारहरुमा मुल्यांकन गर्नु पर्नेछ।

(२) मुल्याङ्कित अंक बराबर भएको अवस्थामा क्रमशः सिंचाई हुने क्षेत्रफल, जल उपयोग प्रभावकारिता र आवेदकको समावेशी वर्गको अङ्कको आधारमा प्राथमिकता निर्धारण गरिनेछ ।

(३) साविकमा आफ्नै लगानीमा जडान गरिएका स्यालो ट्यूववेल/निर्माण गरिएका ईनारवाट पानी तानेर सिंचाई गर्न Centrifugal system वा सोलर पम्प जस्ता मेसिनरी उपकरणहरुको लागि अनुदान माग गरेका आवेदकलाई विशेष प्राथमिकता दिईनेछ।

६. कार्यक्रम संचालन विधि

६.१. **लागत अनुमान तयारी** : (१) सिभिल वा कृषि इन्जियर/ओभरसियर/सव-ओभरसियर वा साना सिंचाई सम्बन्धी तालिम प्राप्त कृषि प्राविधिकबाट स्यालो टयुववेल/सोलार पम्प जडान/ईनार निर्माण सम्बन्धी लागत अनुमान तयार गराई सम्बन्धित कार्यालय प्रमुखले स्वीकृत गर्नु पर्नेछ।

(२) लागत अनुमान तयार गर्दा प्रति फिट गहराईमा लाग्ने जडान/निर्माण खर्च, जडान निर्माणमा लाग्ने मेसिनरी सामाग्रीहरुको प्रति इकाई मूल्य समेत स्पष्ट रुपमा उल्लेख गरेको हुनु पर्नेछ।

(३) लागत अनुमानमा जनसहभागिता वापत व्यहोर्नु पर्ने निर्धारित अंश र कन्टिन्जेन्सि रकम समेत समाबेश गर्नु पर्नेछ ।

६.२. **सुचना प्रवाहः** कार्यालयले कम्तिमा पन्ध्र दिनको म्याद दिई फारम नं १ बमोजिमको ढाँचामा राष्ट्रिय दैनिकस्तरको पत्रिकामा सूचना प्रकाशन गर्नु पर्नेछ । उक्त सूचनाको प्रतिलिपि जिल्लास्तरका कार्यालयहरु (जस्तै- जिल्ला प्रशासन कार्यालय, कोष तथा लेखा नियन्त्रण कार्यालय, जिल्ला संमन्वय समितिको कार्यालय, स्थानीय तहहरु) तथा तालुक कार्यालयमा समेत टाँस गर्नु पर्नेछ ।प्रथम पटक प्रकाशित सुचनाको म्याद भित्र पर्याप्त आवेदन/प्रस्ताब पेश हुन नआएमा आवस्यकतानुसार पुनः दोश्रो पटक थप ७ दिनको म्याद दिइ सुचना प्रकाशन गर्न सकिने छ । दोश्रो पटकको सुचनाको म्याद भित्र जतिसुकै संख्यामा आवेदन/प्रस्ताब पर्न आए तापनि कार्यक्रम संचालन गर्न बाधा पुग्ने छैन ।

६.३. **आवेदन प्रकृयाः** आवेदकले फारम नं २ को ढाँचामा कार्यक्रम संचालन गर्ने निकायमा आवेदन पेश गर्नु पर्नेछ ।

६.४. **आवेदन/प्रस्ताब संकलनः** (१) कार्यालयमा पेश हुन आएका खामवन्दी आबेदन/प्रस्तावहरुलाइ छुट्टै रजिस्टरमा दर्ता गरी राख्नु पर्नेछ । आवेदनको संख्या र सुचीको विवरण विद्युतिय संचार मार्फत् यथासम्भव चाँडो (आबेदन/प्रस्ताव दर्ता गर्ने म्याद समाप्त भएको २४ घण्टा भित्र) तालुक निकायमा पठाउनु पर्नेछ ।

६.५. **आवेदन/प्रस्ताब जाँच र प्रारम्भिक सूची तयारीः** (१) देहाय बमोजिमको मुल्यांकन समितिले दर्ता भएका खामवन्दी आबेदन/प्रस्तावहरुसंग संलग्न कागजातहरु पूर्ण भए/नभएको जाँच गरी रित पुगेका आवेदनहरुको प्रारम्भिक सूचि तयार गर्नेछ।

| | |
|---|---|
| कार्यालयले तोकेको अधिकृत | संयोजक |
| तालुक निकायले तोकेको कृषिसंग सम्बन्धित अन्य कार्यालयको अधिकृत | सदस्य |
| कार्यक्रम हेर्ने जिम्मेवार अधिकृत/प्राबिधिक कर्मचारी | सदस्य सचिब |

(२) रित नपुगेका आबेदन/प्रस्तावहरु रद्द गरिएको कारण सहितको कैफियत खुलाईएको सूची तयार गरी यथासक्य चाडो कार्यालयको सूचना पाटीमा टाँस गर्नु पर्नेछ ।

(३) मुल्यांकन समितिले प्रारम्भिक मुल्याङ्कन गर्दा फारम नं ३ बमोजिम तोकिएको अंकभारको आधारमा मूल्यांकन गर्नु पर्नेछ। समितिले प्राप्तांकको बर्णानुक्रम अनुसारको लक्षित संख्यामा तीन गुणामा नबढाई स्थलगत मुल्यांकनको लागि सूची तयार गरी प्रकाशन गर्नु पर्नेछ।

(४) मुल्यांकन समितिले सहिद परिवार, भिन्न प्रकारको क्षमता भएका आवेदकहरु मध्ये प्राविधिक रुपमा उत्कृष्ट देखिएका आबेदन/प्रस्तावहरुबाट पुष्ट्याँई सहित कार्यक्रम लक्ष्यको १०% सम्मको संख्यामा उक्त सुचिमा थप गर्न सक्नेछ ।

६.६. **सूचिकृत परियोजनाहरुको स्थलगत निरीक्षणः** (१) कार्यालयले सुचिकृत परियोजनाहरुको स्थलगत निरीक्षण गर्ने प्रयोजनको लागि प्राबिधिक कर्मचारीहरुको निरीक्षण टोलि बनाई खटाउनु पर्नेछ ।

(२) प्रारम्भिक सुचीमा रहेका परियोजनाहरुको स्थलगत निरीक्षण गरी आबेदन/प्रस्तावमा घोषित विवरणहरुको अवस्था रहे/नरहेको बारे फारम नं ४ बमोजिम यकिन गर्नु पर्नेछ ।

(३) स्थलगत निरीक्षण कार्य गर्दा सम्भव भए सम्म सम्बन्धित स्थानीय तहको प्रतिनिधि वा स्थानीय तहको कृषि एवं पशुपन्छी शाखा हेर्ने प्राविधिक वा प्रस्तावित परियोजना स्थलको संधियार वा स्थानीय नागरिकको रोहवरमा सम्पन्न गर्नु पर्नेछ ।

(४) स्थलगत निरीक्षण प्रतिवेदनमा स्यालो टयुववेल/सोलार पम्प जडान/ईनार निर्माण गरीने स्थलको चार किला र GPS code (अक्षांश र देशान्तर) अनिवार्य उल्लेख गर्नु पर्नेछ ।

(५) निरीक्षण टोलीले तोकिएको मापदण्ड र शर्तहरु पुरा गरेका र नगरेका परियोजनाहरुको बिवरण सहितको निरीक्षण प्रतिवेदन कार्यालयमा पेश गर्नु पर्नेछ ।

६.७. **मूल्यांकनको लागि सुची तयारी** : कार्यालयले स्थलगत निरीक्षण प्रतिबेदनको आधारमा तोकिएको मापदण्ड र शर्तहरु पुरा गरेका परियोजनाहरुको सुची तयार गरी मुल्यांकन गराउनेछ ।

६.८. **सुचिकृत परियोजनाहरुको मुल्यांकन र सिफारिसः** (१) कार्यालयले सुचिकृत परियोजनाहरुको फारम नं.३ र फारम नं. ४ को आधारमा फाराम नं. ५ बमोजिम मुल्यांकन गर्न देहाय बमोजिमको मुल्यांकन समिति गठन गर्नेछ ।

| | |
|---|---|
| कार्यालयले तोकेको अधिकृत | संयोजक |
| तालुक निकायले तोकेको कृषिसंग सम्बन्धित अन्य कार्यालयको अधिकृत | सदस्य |
| कार्यक्रम हेर्ने जिम्मेवार अधिकृत/प्राबिधिक कर्मचारी | सदस्य-सचिव |

(२) कार्यालयले मुल्याङ्कन समितिमा आवश्यकता अनुसार दुई जनासम्म आमन्त्रित सदस्य थप गर्न सक्नेछ ।

(३) मुल्यांकन समितिले फारम नं ५ बमोजिम मुल्याङ्कन गरि सिफारीस गर्नु पर्नेछ ।

६.९. **परियोजनाहरुको छनौट र सूची प्रकाशन** : (१) मुल्यांकन समितिबाट प्राप्त परियोजनागत अंकको तालिका बनाई अंकभारको आधारमा परियोजनाहरुको योग्यताक्रमका आधारमा देहाय बमोजिमको समितिबाट छनौट (लक्ष्यको ५%सम्म बैकल्पिक परियोजनाहरु समेत) तथा अनुमोदन गराउनु पर्नेछ।

| | |
|---|---|
| कार्यालय प्रमुख | संयोजक |
| प्रतिनिधि, जिल्ला समन्वय समितिको कार्यालय | सदस्य |
| प्रतिनिधि, सिचाईसंग सम्बन्धित सरकारी निकाय | सदस्य |
| तालुक निकायले तोकेको कृषिसंग सम्बन्धित अन्य कार्यालयको अधिकृत | सदस्य |
| कार्यक्रम हेर्ने अधिकृत | सदस्य-सचिव |

(३) कार्यालयले छनौट समितिमा २ जनासम्म आमन्त्रित सदस्य थप गर्न सक्नेछ ।

(४) स्थलगत निरीक्षण सहितको मूल्याङ्कन प्रक्रियाबाट छनौटमा परेका प्रस्तावहरु तथा नपरेका प्रस्तावहरुको कैफियत सहितको सूची कार्यालयले सार्बजनिक गर्नु पर्नेछ। उक्त छनौट सुचिमा मुल्यांकन समितिले सहिद परिवार , भिन्न प्रकारको क्षमता भएका आवेदकहरु मध्येबाट प्राविधिक रुपमा उत्कृष्ट देखिएका आवेदन/प्रस्तावहरुबाट पुष्टयाँई सहित कार्यक्रम लक्ष्यको १०% सम्मको संख्यामा समावेश गर्न प्राथमिकता दिनेछ ।

(५) छनौट भएका परियोजना प्रस्तावकहरुसंग ७ दिन भित्र कार्यालयले अभिमूखीकरण बैठक संचालन गरि फारम नं ६ बमोजिम कार्यादेश सहितको सम्झौता गर्नु पर्नेछ । कार्यालयले सम्भव भएसम्म परियोजना प्रस्तावकहरुलाई उक्त सूचनाको जानकारी एस एम एस मार्फत समेत गराउनेछ ।

(६) कार्यालयले तोकेको समयसीमा भित्र सम्झौता गर्न नआउने वा सम्झौता गरी समयमा काम शुरु नगर्ने अनुदानग्राहीको आयोजना सम्झौता रद्द गरी क्रमशः योग्यताक्रमको सूची बमोजिमका बैकल्पिक उम्मेदवारसंग सम्झौता गरी कार्यक्रम संचालन गर्न सक्नेछ ।

६.१०. **स्यालो टयूववेल/सोलार पम्प सामाग्री खरीद तथा जडान प्रक्रियाः** (१) अनुदानग्राहीले ब्यहोर्नु पर्ने लागत साझेदारी अंश बराबरको रकम निजले कार्यालयले तोकेको खातामा जम्मा गर्नु पर्नेछ । सो रकम जम्मा भएपछि मात्र अनुदानग्राहीसंग फारम नं ६(क) बमोजिमको सम्झौता गरिनेछ ।

(२) कार्यालयले स्यालो टयूववेल/सोलार पम्पको सामग्री आपूर्ति, जडान तथा संचालन कार्यको लागी स्यालो टयूववेल/सोलार पम्प जडान गरीने स्थानको दूरी एवं जडान कार्यको परीमाणको इकाई दरको आधारमा सार्वजनिक खरीद नियमाबली, २०६४ बमोजिम योग्य र सक्षम आपूर्तिकर्ताको छनौट गरी निजसंग कूल ईस्टिमेट रकमको ५ प्रतिशत रकम मरम्मत सम्भार दायित्व वापत धरौटी लिई फारम नं ७ बमोजिमको सम्झौता गर्नु पर्नेछ ।

(३) यस कार्यक्रम अन्तरगत तोकिए बमोजिमको साझेदारी रकम अनुदानग्राहीवाट प्राप्त भए पछी आपूर्तिकर्तालाई कार्यालयले परियोजना संचालनको लागि कार्यदिश दिनेछ।

(४) आपूर्तिकर्तले सम्झौता बमोजिमको समय सिमा भित्र गुणस्तरीय कार्य सम्पादन गर्नु पर्नेछ। कार्य सम्पन्न प्रमाण पेश भएपछि मात्र अन्तिम भुक्तानी गरिनेछ ।

६.११. **ईनार निर्माण प्रक्रियाः** (१) ईनार निर्माणको हकमा आवेदक कृषक समूह/ सहकारी संस्थाले उपभोक्ता समिति गठन गरि स्वीकृत लागत इस्टिमेट बमोजिमको निर्माण कार्य सम्पन्न गर्नु पर्नेछ ।

(२) अनुदानग्राहीले ब्यहोर्नु पर्ने लागत साझेदारी अंश बराबरको रकम निजले कार्यालयले तोकेको खातामा जम्मा गर्नु पर्नेछ । सो रकम जम्मा भएपछि मात्र अनुदानग्राहीसंग फारम नं ६(ख) बमोजिमको सम्झौता गरीनेछ ।

६.१२. **आवधिक अनुगमन, पृष्ठपोषण तथा नियमनः** (१) मन्त्रालय/ निर्देशनालय/कार्यालयको टोलीले स्यालो टयुववेल/सोलार पम्प जडान/ईनार निर्माणको नियमित सुपरीवेक्षण तथा अनुगमन कार्य गर्नेछ। यस क्रममा देखिएका सुधार गर्नु पर्ने कुराहरु बारे सम्वन्धित पक्षलाइ समयमै जानकारी गराउनु पर्नेछ।

(२) कार्यक्रम कार्यान्वयनको क्रममा वा कार्य सम्पन्न भए पछी आवस्यकता र औचित्यको आधारमा बुँदा नं ६.९ बमोजिमको समितिले आयोजनाहरुको अनुगमन गर्न सक्नेछ ।

६.१३. **कार्य सम्पन्न प्रतिवेदन र भुक्तानीः** (१) स्यालो टयूववेल/सोलार पम्पको हकमा आपुर्तिकर्ताले कार्यालयमा जडान कार्य सम्पन्न भएको जानकारी गराएपछि कार्यालयले तोकिएको प्राबिधिकबाट उक्त कार्यको निरीक्षण गराई फारम नं ८ बमोजिमको अनुदानग्राहिको प्रमाणिकरण सहितको कार्य सम्पन्न प्रतिबेदन लिनु पर्नेछ।

(२) कार्य सम्पन्न प्रतिवेदन प्राप्त भएपछी आपुर्तिकर्ताले पेश गरेको बिल भर्पाइको आधारमा कार्यालयले अनुदान बापतको रकम आपूर्तिकर्तालाई भुक्तानी दिनेछ।

(३) ईनार निर्माणको हकमा कार्यालयले तोकिएको प्राबिधिकबाट उक्त कार्यको निरीक्षण गराई फारम नं ८ बमोजिमको अनुदानग्राहिको प्रमाणिकरण सहितको कार्य सम्पन्न प्रतिवेदन लिनु पर्नेछ। आवेदक कृषक समूह/सहकारी संस्थाले सम्पन्न निर्माण कार्यको सम्बिन्धित उपभोक्ता बीच सार्वजनिक सुनुवाई गरि सोको निर्णय प्रतिलिपि समेत संग्लन राखी कार्यालयमा पेश गरेपछि मात्र अन्तिम भुक्तानी गरिनेछ ।

६.१४. **सम्पन्न आयोजनाहरुको सुची प्रकाशनः** कार्यालयले सम्पन्न भएका आयोजनाहरुको सूची सार्वजनिक गर्नु पर्नेछ ।

७. **स्वार्थ बाझिन नहुनेः** अनुदान प्रवाहको क्रममा अनुदानग्राही, सेवा प्रदायक र अन्य कोहि कसैबाट पनि स्वार्थ बाझिने कार्य गर्नु गराउनु हुदैन ।

फारम नं १

..............................

..............................................................................

(पदसोपान सहितको कार्यालको नाम)

# स्यालो ट्युवेल/सोलार पम्प/ईनार अनुदानका लागि प्रस्ताव/आवेदन आह्वान सम्बन्धि सूचना

प्रथम पटक प्रकाशित मिति २०...................................

यस ..................................(कार्यालको नाम)कोआ.व.२०७/को स्वीकृत वार्षिक कार्यक्रम अनुसार स्यालो टयुववेल/सोलार पम्प जडान/ईनार निर्माण कार्यक्रम रहेको हुंदा.........(प्रस्तावकले व्यहोर्नु पर्ने अंश) प्रतिशत लागत साझेदारीमा संचालन गर्न ईच्छुक कृषक(हरु)/कृषक समुह/कृषि सहकारी संस्था/ कृषि उत्पादनमा संग्लन निजी फर्म/उद्यमीलेयो सूचना प्रकाशित भएको मितिले १५ औं दिन (मिति २०....../......./........) सम्म कार्यालय समय भित्र तोकिएको ढाँचामा तपसिल अनुसारका कागजातहरु संलग्न राखी खामबन्दी प्रस्ताव/आवेदन दर्ता गर्नुहुन आह्वान गरिन्छ । रित नपुगेका वा म्याद नाघी प्राप्त हुन आएका प्रस्तावहरु छनौटका लागि समावेश हुन नसक्ने व्यहोरा समेत जानकारी गराईन्छ ।प्रस्ताव/आबेदन बुझाउनका लागि थप जानकारीका लागि सुचना प्रकाशन गर्ने कार्यालयमा सम्पर्क गर्न सकिने छ ।

सलग्न गर्नु पर्ने कागजातहरु

- रु १० को हुलाक टिकट टांसेको अनुसूचिको आवेदन
- आवेदकको (व्यक्तिको हकमा )नागरिकता प्रमाणपत्रको प्रतिलिपि
- आवेदकको (समुह, सहकारी संस्था र फर्म कम्पनिको हकमा)दर्ता र नविकरण भएको प्रमाणपत्रको प्रतिलिपि आवेदकको (सहकारी संस्था र फर्म कम्पनिको हकमा)स्थाई लेखा नम्वर लिएको प्रमाण पत्रको प्रतिलिपि
- मांग गरेको स्यालो टयुववेल/सोलार पम्प जडान/ईनार निर्माण हुने जग्गाको जग्गाधनी प्रमानापुर्जा (सो नभए भोगाधिकार प्रमाण) को प्रतिलिपि वा लिजमा लिएको जग्गाको हकमा लालपुर्जा र जग्गाधनीको सक्कल मन्जुरीनामा समेत
- मांग गरेको स्यालो टयुववेल/सोलार पम्प जडान/ईनार निर्माण हुने जग्गा नक्शाको ब्लू प्रिन्ट/कम्पुटर प्रिन्ट
- समुह, सहकारी संस्था र फर्म कम्पनिको हकमा दर्ता र नविकरण भएको प्रमाण पत्रको प्रतिलिपि
- समुह, सहकारी संस्था र सझेदारी कम्पनिको हकमा आयोजना प्रस्ताव गर्ने सम्वन्धमा कार्यकारीणीको निर्णयको प्रतिलिपि
- समुह, सहकारी संस्था र फर्म कम्पनिको हकमा आवेदन गर्न अख्तियारी प्राप्त प्रतिनिधीको नागरिकता प्रमाण पत्रको प्रतिलिपि तथा अख्तियारी पत्र

पुनश्चः निवेदन र परियोजना प्रस्ताव ढांचा यस कार्यालयबाट वा कार्यालयको वेभसाईट बाट प्राप्त गर्न सकिनेछ।

फारम नं २

# स्यालो ट्युबेल/सोलार पम्प/ईनार अनुदानका लागि आवेदन फारम

१. आवेदकको नाम :

२. ठेगाना :

३. आवेदक व्यक्ति भए: लिङ्ग (पुरुष/महिला/अन्य):

४. सामाजिक वर्ग (दलित/जनजाती/अन्य) :

५. आवेदक संस्था भए: दर्ता प्रमाणपत्र नं

दर्ता भएको निकाय :

६. आयोजनाको किसिम(√ चिन्ह लगाउने) : स्यालो टयुववेल/सोलार पम्प जडान/ईनार निर्माण/सोलर टयुववेल पम्प जडान/ पानी तान्ने मेसनरी उपकरण मात्र (क्षमता र मूल्य: )

७. मांग गरेको स्यालो टयुववेल/सोलार पम्प जडान/ईनार निर्माण हुने जग्गाको विवरण

| पालिकाको नाम | वडा नं | कित्ता नम्वर | जग्गाको भोगाधिकारको किसिम (आफ्नै/भाडामा) | क्षेत्रफल (विग्घा/कठा) | जग्गा धनीको नाम (प्रमाण पूर्जा/भोगाधिकार कागजात अनुसार) |
|---|---|---|---|---|---|
| | | | | | |

८. स्यालो टयुवेल/सोलार पम्प/ईनारबाट सिंचित हुने जग्गाको क्षेत्रफल (विग्घा):
(कृषक समूह/सहकारीले सिंचाईबाट लाभान्वित हुने उपभोक्ताहरुको विवरण फाराम नं. २(क) बमोजिम भरि पेश गर्नु पर्नेछ)

९. सम्भाव्य लाभग्राहीको संख्या :

१०. त्यस क्षेत्रमा जडान भएका स्यालो टयूववेल/सोलार पम्प/ईनारको सरदर गहिराई (फिट):

११. स्यालो टयुववेल/सोलार पम्प जडान/ईनार निर्माण हुने स्थानको १२५ मिटर (७.५ विग्हा) क्षेत्र भित्र अन्य स्यालो टयुवेल/ईनारको संख्या:

१२. स्यालो टयुववेल/सोलार पम्प जडान/ईनार निर्माण हुने स्थानबाट अन्य सिचाई स्रोत (नदि/नहर/बांध/पैनि/पोखरी/ईनार/बोरिङ) को दूरी:

१३. जल उपयोग प्रभावकारिता

१३.१. स्यालो टयुववेल/सोलार पम्प जडान/ईनार निर्माण गर्ने उद्देश्य (तरकारी खेति/खाधान्न खेति/पुष्प खेति/फलफुल बगैचा/विरुवा नर्सरी/माछा पालन/पशुपालन/साना-घरेलु कृषि उद्योग):

१३.२. जल उपयोग तरीका :(थोपा सिचाई/फोहोरा सिचाई/सतह सिचाई):

१४. यस भन्दा पहिले सिंचाई वा अन्य कृषि कार्यको लागि आफु वा सगोल परिवारका सदस्यहरुले अनुदान प्राप्त गरेको बिवरण:

| अनुदान प्राप्त गरेको बर्ष | के को लागि प्राप्त भएको | कति रकम | कुन संस्थाबाट प्राप्त भएको |
|---|---|---|---|
| | | | |

१५. लागत साझेदारीमा कार्यक्रम संचालनका लागि पेश गरेका आर्थिक प्रस्ताव अनुसार कुल लगानी रु.............का.......प्रतिशतले हुन आउने रु..............अक्षरेपी..................................बराबरका लगानी आफ्नो आन्तरिक श्रोतबाट बेहोरी कार्यक्रम सम्पन्न गर्न प्रतिबद्धता जाहेर गर्दछु ।

१६. कार्यक्रम संचालनको लागि निजको प्रस्ताव छनौट प्रकृयामा संलग्न गरी दिनु हुन सिफारिस साथ अनुरोध गर्दछ ।सिफारिस गर्ने कृषि एवं पशुपन्छी शाखाको कर्मचारी नाम: दस्तखत: पद:
गा.पा./न.पा./उ.म.न.पा.: मोवाईल नं.: मिति : कार्यालयको छाप:

१७. यस कार्यक्रमको उद्देश्य संग मेरो/हाम्रो कुनै प्रकारले स्वार्थ बाझिने अवस्था रहेको छैन । मैले /हामीले अनुदान प्राप्त गर्न कार्यालयमा कुनै प्रकारले पहुच, प्रभाव पार्न खोज्ने छैन । सो गरेको पाईएमा कार्यालयले आवेदन रद्द गर्न सक्ने कुरामा मेरो/हाम्रो पूर्ण मञ्जुरी रहेको छ

१८. यसमा उल्लेख गरेको विवरण सत्य सांचो हो, झुठा ठहरे कानून बमोजिम सहुंला बुझाउंला ।

आवेदकको सही :

आवेदकको नाम र पद :

फार्म संस्थाको छाप वा औठाको रेखात्मक छाप ठेगाना

संलग्न कागजातहरु

| संलग्न भए आवेदक ले (√) चिन्ह लगाउने | संलग्न कागजातहरु | कार्यालयले रुजु गर्ने प्रयोजनको लागि मात्र |
|---|---|---|
| | रु १० को हुलाक टिकट टांसेको अनुसूचिको आवेदन | |
| | आवेदकको (व्यक्तिको हकमा ) नागरिकता प्रमाणपत्रको प्रतिलिपि | |
| | आवेदकको (समुह, सहकारी संस्था र फर्म कम्पनिको हकमा) दर्ता र नविकरण भएको  प्रमाणपत्रको प्रतिलिपि | |
| | आवेदकको (सहकारी संस्था र फर्म कम्पनिको हकमा) स्थाई लेखा नम्वर लिएको प्रमाण पत्रको प्रतिलिपि | |
| | मांग गरेको स्यालो टयुववेल/सोलार पम्प जडान/ईनार निर्माण हुने जग्गाको नक्शाको लालपुर्जाको प्रतिलिपि वा लिजमा लिएको जग्गाको हकमा लालपुर्जा र जग्गाधनीको सक्कल मन्जुरीनामा समेत | |
| | मांग गरेको स्यालो टयुववेल/सोलार पम्प जडान/ईनार निर्माण हुने जग्गा नक्शाको ब्लू प्रिन्ट/कम्पुटर प्रिन्ट | |
| | समुह, सहकारी संस्था र फर्म कम्पनिको हकमा दर्ता र नविकरण भएको  प्रमाण पत्रको प्रतिलिपि | |
| | समुह, सहकारी संस्था र सझेदारी कम्पनिको हकमा आयोजना प्रस्ताव गर्ने सम्वन्धमा कार्यकारीणीको निर्णयको प्रतिलिपि | |
| | समुह, सहकारी संस्था र फर्म कम्पनिको हकमा आवेदन गर्न अख्तियारी प्राप्त प्रतिनिधीको नागरिकता प्रमाण पत्रको प्रतिलिपि तथा अख्तियारी पत्र | |

आवेदकको सही :
आवेदकको नाम र पद :
ठेगाना

रुजु गर्नेको सही :
रुजु गर्नेको नाम र पद :
**कार्यालयको नाम** :

संस्थाको छाप

फारम नं. २(क)

जल उपभोक्ताको विवरण

| क.स. | उपभोक्ताको नाम | ठेगाना | परिवार संख्या | कित्ता नं. | क्षेत्रफल | हस्ताक्षर | सम्पर्क नं. |
|---|---|---|---|---|---|---|---|
| १. | | | | | | | |
| २. | | | | | | | |
| ३. | | | | | | | |
| ४. | | | | | | | |
| ५. | | | | | | | |
| ६. | | | | | | | |
| ७. | | | | | | | |
| ८. | | | | | | | |
| ९. | | | | | | | |
| १० | | | | | | | |
| ११. | | | | | | | |
| १२. | | | | | | | |
| १३. | | | | | | | |
| १४ | | | | | | | |
| १५. | | | | | | | |
| १६. | | | | | | | |
| १७. | | | | | | | |
| १८ | | | | | | | |
| १९. | | | | | | | |
| २० | | | | | | | |
| २१. | | | | | | | |
| २२. | | | | | | | |
| २३. | | | | | | | |
| २४ | | | | | | | |
| २५. | | | | | | | |

फारम नं ३

# स्यालो ट्युवेल/सोलार पम्प/ईनार अनुदानका प्रस्तावको प्रारम्भिक मुल्याङ्कन फारम

| आवेदकको नाम : | | ठेगाना : | | दर्ता नं | |
|---|---|---|---|---|---|
| क्रस | मुल्याङ्कनका आधार | पूर्णाङ्क | प्राप्ताङ्क | कैफयत | |
| १. | आवेदकको किसिम (निजी/साझेदारी फर्म वा कम्पनी ५, व्यक्ति ४, समुह/सहकारी ३) | ५ | | | |
| २. | आवेदकको लिङ्ग (अन्य ५, महिला/महिला समुह/महिला सहकारी ४, पुरुष ३) | ५ | | | |
| ३. | आवेदकको समावेशि वर्ग (दलितः ५,आदिवासि/जनजाति /मुस्लिम ४, अन्य ३) | ५ | | समुह वा सहकारीका हकमा न्युनतम ८० प्रतिशत सदस्य सख्या | |
| ४. | आयोजनाको किसिम (स्यालो टयुववेल/सोलार पम्प जडान/ईनार निर्माण/सोलर टयुववेल पम्प जडानः ५, पानी तान्ने मेसनरी उपकरण मात्रः१० | १० | | | |
| ५. | पालिकाको किसिम (गाऊपालिका/नगरपालिकाः ५, उपमहानगरपालिका/ महानगरपालिकाः ४) | ५ | | | |
| ६. | जग्गाको भोगाधिकारको किसिम (आफ्नै ५, भाडा ४) | ५ | | | |
| ७. | स्यालो टयुवेल/ ईनारवाट सिंचित हुने जग्गाको क्षेत्रफल ( दस कठ्ठा भन्दा कम ७, दस कठ्ठा देखि विस कठ्ठा भन्दा कम ८, विस कठ्ठा भन्दा वढी १०)(सोलार पम्पको पांच कठ्ठा ७, पांच देखि दस कठ्ठा ८, दस कठ्ठा भन्दा वढी १०) | १० | | | |
| ८. | स्यालो टयुवेल/सोलार पम्प/ईनारवाट लाभान्वित हुने कृषक परिवार (संख्या एकल परिवार ३, एक भन्दा वढी परिवार ५) | ५ | | | |
| ९. | स्यालो टयूववेल/सोलार पम्प/ईनारको क्षेत्रगत सम्भाव्यता (पचिस मिटर भन्दा कम गहिराईमा लेयर भएको ५, पचिस देखि पचास मिटरमा लेयर भएको ४, पचास मिटर भन्दा वढि गहिराईमा लेयर भएको ३) | ५ | | | |
| १०. | स्यालो टयुववेल/सोलार पम्प जडान/ईनार निर्माण हुने स्थानको १२५ मिटर (७.५ विग्हा) क्षेत्र भित्र अन्य स्यालो ट्युवेल/सोलार पम्प /ईनार ( नभएकोः ५, भएकोः ० ) | ५ | | | |
| ११. | स्यालो टयुववेल/सोलार पम्प जडान/ईनार निर्माण हुने स्थानबाट अन्य सिचाई स्रोत (नदि/नहर/बांध/पैनि/पोखरी/ईनार/बोरिङ्) (कमाण्ड क्षेत्र भित्र नभएको १०, कमाण्ड क्षेत्र भित्र भएकोः ५) | १० | | | |
| १२. | स्यालो टयुववेल/सोलार पम्प जडान/ईनार निर्माण गर्ने उद्देश्य (एकीकृत खेति/तरकारी खेति/ पुष्प खेति/ माछा पालन/ विरुवा नर्सरीः १०, खाधान्न खेति/फलफुल बगैचाः ९, पशुपालन/ कृषि जन्य साना उद्योगः ८) | १० | | | |
| १३. | जल उपयोग तरीका (सतह सिचाईः ८, फोहोरा सिचाईः९, थोपा सिचाईः १०) | १० | | | |
| १४. | बिगत ३ वर्ष यता सिंचाई वा अन्य कृषि कार्यको लागि आफु वा सगोल परिवारका सदस्यहरुले अनुदान प्राप्ति अवस्था (स्यालो ट्युबवेल/सोलार पम्प /ईनार अनुदान प्राप्त गरेकोः ५, अन्य कृषि अनुदान प्राप्त गरेको ७ कुनै किसिमको कृषि अनुदान प्राप्त नगरेकोः १०) | १० | | | |
| | जम्मा | १०० | | | |

मुल्याङ्कनकर्ता को सही
मुल्याङ्कनकर्ताको नाम र पद

मुल्याङ्कनकर्ता को सही
मुल्याङ्कनकर्ताको नाम र पद

मुल्याङ्कनकर्ताको सही
मुल्याङ्कनकर्ताको नाम र पद

फारम नं ४

# स्यालो ट्युवेल/सोलार पम्प/ईनार अनुदान लागि स्थलगत निरीक्षण प्रतिवेदन

आवेदन दर्ता नं

आवेदकको नाम : ठेगाना :

स्यालो टयुववेल/सोलार पम्प जडान/ईनार निर्माण हुने कित्ताको देशान्तरः

अक्षांसः

| क्रस | निरीक्षणवाट यकिन गर्ने कुराहरु | विवरण | कैफयत |
|---|---|---|---|
| १. | आवेदकको किसिम (व्यक्ति/समुह/सहकारी /निजी फर्म/ सझेदार फर्म) | | |
| २. | आवेदकको लिङ्ग (महिला/पुरुष/अन्य/ महिला समुह/महिला सहकारी/ मिश्रित समुह) | | |
| ३. | आवेदकको समावेशि वर्ग (आदिवासि/जनजाति/दलित/अन्य व्यक्ति वा समुह) | | |
| ४. | आयोजनाको किसिम (स्यालो टयुववेल/सोलार पम्प जडान/ईनार निर्माण/सोलर टयुववेल पम्प जडानः/पानी तान्ने मेसनरी उपकरण मात्र ) | | |
| ५. | स्यालो टयुववेल/सोलार पम्प जडान/ईनार निर्माण हुने पालिकाको नाम, वडा नं , टोल | | |
| ६. | जग्गाको भोगाधिकारको किसिम (आफ्नै /भाडा) | | |
| ७. | स्यालो ट्युवेल/सोलार पम्प/ईनारवाट सिंचित हुने जग्गाको क्षेत्रफल | | |
| ८. | स्यालो ट्युवेल/सोलार पम्प/ईनारवाट लाभान्वित हुने कृषक परिवार संख्या | | |
| ९. | स्यालो टयूववेल/सोलार पम्प/ईनारको क्षेत्रगत सम्भाव्यता (लेयरको अन्दाजि गहिराई मिटरमा) | | |
| १०. | स्यालो टयुववेल/सोलार पम्प जडान/ईनार निर्माण हुने स्थानको १२५ मिटर (७.५ विग्हा) क्षेत्र भित्र अन्य स्यालो ट्युवेल/ईनार (नभएको/भएको) | | |
| ११. | स्यालो टयुववेल/सोलार पम्प जडान/ईनार निर्माण हुने स्थानबाट अन्य सिचाई स्रोत (नदि/नहर/बांध/पैनि/पोखरी/ईनार/बोरिङ्) (कमाण्ड क्षेत्र भित्र नभएको / भएको) | | |
| १२. | स्यालो टयुववेल/सोलार पम्प जडान/ईनार निर्माण गर्ने उद्देश्य (एकीकृत खेति/तरकारी खेति/ पुष्प खेति/ माछा पालन/ विरुवा नर्सरी/खाधान्न खेति/फलफुल बगैचा/पशुपालन/ कृषि जन्य साना उद्योग) | | |
| १३. | जल उपयोग तरीका (थोपा सिचाई/फोहोरा सिचाई/सतह सिचाई) | | |
| १४. | यस भन्दा पहिले सिंचाई वा अन्य कृषि कार्यको लागि आफु वा सगोल परिवारका सदस्यहरुले अनुदान प्राप्ति अवस्था (गरेको/नगरेको) | | |

मैले/हामिले स्थलगत निरीक्षण गर्दा देखिएका र वुझेका उपरोक्त वमोजिमका व्यहोरा सत्य सांचो हो, ।

| रोहवर वस्नेको | निरीक्षकको | निरीक्षकको |
|---|---|---|
| नाम | नाम | नाम |
| पद | पद | पद |
| कार्यालय | कार्यालय | कार्यालय |

फारम नं ५

# स्यालो ट्युवेल/सोलार पम्प/ईनार अनुदानका प्रस्तावको मुल्याङ्कन फारम

| आवेदकको नाम : | | ठेगाना : | दर्ता नं | |
|---|---|---|---|---|
| क्रस | मुल्याङ्कनका आधार | पूर्णाङ्क | प्राप्ताङ्क | कैफयत |
| १. | आवेदकको किसिम (निजी/साझेदारी फर्म वा कम्पनी ५, व्यक्ति ४, समुह/सहकारी ३) | ५ | | |
| २. | आवेदकको लिङ्ग (अन्य ५, महिला/महिला समुह/महिला सहकारी ४, पुरुष ३) | ५ | | |
| ३. | आवेदकको समावेशि वर्ग (दलितः ५,आदिवासि/जनजाति /मुस्लिम ४, अन्य ३) | ५ | | समुह वा सहकारीका हकमा न्युनतम ८० प्रतिशत सदस्य सङ्ख्या |
| ४. | आयोजनाको किसिम (स्यालो ट्युववेल/सोलार पम्प जडान/ईनार निर्माण जडानः ५, पानी तान्ने मेसनरी उपकरण मात्रः१० | १० | | |
| ५. | पालिकाको किसिम (गाऊपालिका/नगरपालिकाः ५, उपमहानगरपालिका/ महानगरपालिकाः ४) | ५ | | |
| ६. | जग्गाको भोगाधिकारको किसिम (आफ्नै ५, भाडा ४) | ५ | | |
| ७. | स्यालो ट्युवेल/ ईनारवाट सिंचित हुने जग्गाको क्षेत्रफल ( दस कठ्ठा भन्दा कम ७, दस कठ्ठा देखि विस कठ्ठा भन्दा कम ८, विस कठ्ठा भन्दा वढी १०)(सोलार पम्पको पांच कठ्ठा ७, पांच देखि दस कठ्ठा ८, दस कठ्ठा भन्दा वढी १०) | १० | | |
| ८. | स्यालो ट्युवेल/सोलार पम्प/ईनारवाट लाभान्वित हुने कृषक परिवार (संख्या एकल परिवार ३, एक भन्दा वढी परिवार ५) | ५ | | |
| ९. | स्यालो टयूववेल/सोलार पम्प/ईनारको क्षेत्रगत सम्भाव्यता (पचिस मिटर भन्दा कम गहिराईमा लेयर भएको ५, पचिस देखि पचास मिटरमा लेयर भएको ४, पचास मिटर भन्दा वढि गहिराईमा लेयर भएको ३) | ५ | | |
| १०. | स्यालो टयुववेल/सोलार पम्प जडान/ईनार निर्माण हुने स्थानको १२५ मिटर (७.५ विग्हा) क्षेत्र भित्र अन्य स्यालो ट्युवेल/ईनार ( नभएकोः ५, भएकोः ०) | ५ | | |
| ११. | स्यालो टयुववेल/सोलार पम्प जडान/ईनार निर्माण हुने स्थानबाट अन्य सिचाई स्रोत (नदि/नहर/बांध/पैनि/पोखरी/ईनार/बोरिङ्) (कमाण्ड क्षेत्र भित्र नभएको १०, कमाण्ड क्षेत्र भित्र भएकोः ५) | १० | | |
| १२. | स्यालो टयुववेल/सोलार पम्प जडान/ईनार निर्माण गर्ने उद्देश्य (एकीकृत खेति/तरकारी खेति/ पुष्प खेति/ माछा पालन/ विरुवा नर्सरीः १०, खाधान्न खेति/फलफुल बगैचाः ९, पशुपालन/ कृषि जन्य साना उद्योगः ८) | १० | | |
| १३. | जल उपयोग तरीका (सतह सिचाईः ८, फोहोरा सिचाईः९, थोपा सिचाईः १०) | १० | | |
| १४. | बिगत ३ वर्ष यता सिंचाई वा अन्य कृषि कार्यको लागि आफु वा सगोल परिवारका सदस्यहरुले अनुदान प्राप्ति अवस्था (स्यालो टयुबवेल/सोलार पम्प/ईनार अनुदान प्राप्त गरेकोः ५, अन्य कृषि अनुदान प्राप्त गरेको ७ कुनै किसिमको कृषि अनुदान प्राप्त नगरेकोः १०) | १० | | |

मुल्याङ्कनकर्ता को सही
मुल्याङ्कनकर्ताको नाम र पद

मुल्याङ्कनकर्ता को सही
मुल्याङ्कनकर्ताको नाम र पद

मुल्याङ्कनकर्ता को सही
मुल्याङ्कनकर्ताको नाम र पद

## स्यालो ट्युबवेल तथा सोलर पम्पका अनुदानग्राहीसगको सम्झौता– पत्रको ढांचा

............................(यसपछि " पहिलो पक्ष " भन्निने) को आ.व. .............को स्वीकृत वार्षिक कार्यक्रम अनुसार ...................... (कार्यक्रमको नाम) कार्यक्रम संचालन गर्न (आवेदन दर्ता नं....., दर्ता मिति ..........., दर्ता गर्ने निकाय .......... मा दर्ता भएको) श्री ........................... (यसपछि " दोस्रो पक्ष " भन्निने) कृषि क्षेत्रमा अनुदान परिचालन कार्यबिधि, २०७६ र प्राविधिक मापदण्ड तथा संचालन विधि, २०७६ अनुसार छनौटमा परेकोले पहिलो पक्ष बाट स्वीकृत ईस्टिमेट/डिजाईन बमोजिम कार्यक्रम संचालन गर्न अनुमति दिईएकोले तपसिल बमोजिमका शर्तहरुका अधिनमा रही दोस्रो पक्षले तोकिएको समय भित्र कार्य प्रारम्भ र सम्पन्न गर्न सहमत भई पहिलो र दोस्रो पक्ष बिच तपसिलका साक्षीहरुको रोहवरमा यस सम्झौतापत्रमा सहि छाप गरी एक-एक प्रति लियौं/दियौं ।

तपसिल

१. पहिलो पक्षबाट स्वीकृत लागत ईस्टिमेट/डिजाईन र प्राप्त हुने आवश्यक प्राविधिक सरसल्लाह एवं सुझाव अनुसार दोस्रो पक्षले .............(को जि.पि.एस. को-अर्डिनेट सहितको चार किल्ला)को प्लट/स्थानमा कार्ययोजना अनुसार कार्यक्रम/कार्यहरु मिति .....................भित्र प्रारम्भ गरी मिति.......................भित्र सम्पन्न गरि सक्नु पर्नेछ ।

२. दोस्रो पक्षले पहिलो पक्षद्वारा खटाईएको प्राविधिक/सुपरिवेक्षकको रेखदेख तथा निर्देशन बमोजिम तोकिएको आपुर्तिकर्ताको स्विकृत कार्य तालिका बमोजिम स्यालो ट्युबवेल जडान कार्य सम्पन्न गराउनु पर्नेछ । कार्य तालिका बमोजिम आपुर्तिकर्ताले जडान कार्य नगरेमा सात दिन भित्र दोस्रो पक्षले पहिलो पक्षलाई सोको जानकारी गराउनु पर्नेछ ।

३. स्यालो ट्युबवेल जडानको लागि कन्टिन्जेन्सि वाहेकको कुल स्वीकृत रकम रु. ...........(       ) मध्ये १५% ले हुने आउने रकम रु. ...... दोश्रो पक्षले जडान कार्य सुरु गर्नु पूर्व कार्यालयले तोकेको देहाय वमोजिमको खातामा जम्मा गर्नु पर्नेछ ।

(क) खातावालाको नाम :                                    (ख)बैङ्कको नामः

(ग)डिजिटल खाता नं.:

४. दोस्रो पक्षले जडान कार्य सम्पन्न भए पश्चात आपूर्तिकर्तालाई कार्य सम्पन्न सिफारीस दिनु पर्नेछ ।

५. अन्य आवश्यक शर्तहरु

(क)

(ख)

यस सम्झौतामा उल्लेख नभएका व्यहोराको हकमा प्रचलित कानून बमोजिम हुनेछ ।

| प्रथम पक्ष | दोश्रो पक्ष |
|---|---|
| सहीः | दस्तखतः(लेखात्मक) |
| नामः | नामः |
| पदः | नागरिकता प्रमाणपत्र नं.: |
| कार्यालयः | पदः |
| मोवाईल नं. | ठेगानाः |
| कार्यालयको छापः | मोवाईल नं. |

| दायाँ | वायाँ |
|---|---|
| | |

(रेखात्मक/संस्थाको छाप)

| रोहवर | रोहवर |
|---|---|
| सहीः | सहीः |
| नामः | नामः |
| पदः | पदः |
| मोवाईल नं. | नागरिकता प्रमाणपत्र /पहिचान पत्र नं.: |
| | मोवाईल नं. |

ईति सम्वत ......................................................

## ईनार निर्माण अनुदानग्राहीसगको सम्झौता– पत्रको ढांचा

.............................(यसपछि " पहिलो पक्ष " भन्निने) को आ.व. ............को स्वीकृत वार्षिक कार्यक्रम अनुसार ..................... (कार्यक्रमको नाम) कार्यक्रम संचालन गर्न (आवेदन दर्ता नं....., दर्ता मिति ..........., दर्ता गर्ने निकाय .......... मा दर्ता भएको) श्री ............................ (यसपछि " दोस्रो पक्ष " भन्निने) कृषि क्षेत्रमा अनुदान परिचालन कार्यबिधि, २०७६ र प्राविधिक मापदण्ड तथा संचालन विधि, २०७६ अनुसार छनौटमा परेकोले पहिलो पक्ष बाट स्वीकृत ईस्टिमेट/डिजाईन बमोजिम कार्यक्रम संचालन गर्न अनुमति दिईएकोले तपसिल बमोजिमका शर्तहरुका अधिनमा रही दोस्रो पक्षले तोकिएको समय भित्र कार्य प्रारम्भ र सम्पन्न गर्न सहमत भई पहिलो र दोस्रो पक्ष बिच तपसिलका साक्षीहरुको रोहवरमा यस सम्झौतापत्रमा सहि छाप गरी एक-एक प्रति लियौं/दियौं ।

तपसिल

१. पहिलो पक्षबाट स्वीकृत लागत ईस्टिमेट/डिजाईन र प्रास हुने आवश्यक प्राविधिक सरसल्लाह एवं सुझाव अनुसार दोस्रो पक्षले .............(को जि.पि.एस. को-अर्डिनेट सहितको चार किल्ला)को प्लट/स्थानमा कार्ययोजना अनुसार कार्यक्रम/कार्यहरु मिति .....................भित्र प्रारम्भ गरी मिति.......................भित्र सम्पन्न गरि सक्नु पर्नेछ ।

२. दोस्रो पक्षले पहिलो पक्षद्वारा खटाईएको प्राविधिक/सुपरिवेक्षकको रेखदेख तथा निर्देशन बमोजिम कार्य सम्पन्न गर्नु पर्नेछ।

३. यस सम्झौता बमोजिम दोस्रो पक्षले निर्धारित समय भित्र ईनार निर्माण कार्य सम्पन्न नगरेमा पहिलो पक्षले सोको लागि स्विकृत गरेको रकम भुक्तानी गर्न वाध्य हुने छैन ।

४. यस सम्झौता बमोजिम ईनार निर्माण कार्यको लागि कन्टिन्जेन्सि वाहेकको कुल स्वीकृत रकम रु. ( ) मध्ये ८५% ले हुन आउने रकम रु. ...... पहिलो पक्षले कार्य सम्पन्न पश्चात दोश्रो पक्षको देहायका खातामा जम्मा गर्नु पर्नेछ ।

क. खातावालाको नाम :

ख. बैङ्कको नामः

ग. डिजिटल खाता नं.:

५. अन्य आवश्यक शर्तहरु

(क)

(ख)

यस सम्झौतामा उल्लेख नभएका व्यहोराको हकमा प्रचलित कानून बमोजिम हुनेछ ।

प्रथम पक्ष

सहीः

नामः

पदः

कार्यालयः

मोवाईल नं.

कार्यालयको छापः

दोश्रो पक्ष

दस्तखतः(लेखात्मक)

नामः

नागरिकता प्रमाणपत्र नं.:

पदः

ठेगानाः

मोवाईल नं.

| दायाँ | वायाँ |
| --- | --- |
| | |

(रेखात्मक/संस्थाको छाप)

रोहवर

सहीः

नामः

पदः

मोवाईल नं.

रोहवर

सहीः

नामः

पदः

नागरिकता प्रमाणपत्र /पहिचान पत्र नं.:

मोवाईल नं.

ईति सम्वत ..............................................

फारम नं ७

## आपुर्तिकर्तासगको सम्झौता– पत्रको ढांचा

............................(यसपछि " पहिलो पक्ष " भन्निने) को आ.व. ............को स्वीकृत वार्षिक कार्यक्रम अनुसार ..................... (कार्यक्रमको नाम) कार्यक्रम संचालन गर्न (आवेदन दर्ता नं....., दर्ता मिति ..........., दर्ता गर्ने निकाय .......... मा दर्ता भएको) श्री ............................ (यसपछि " दोस्रो पक्ष " भन्निने) कृषि क्षेत्रमा अनुदान परिचालन कार्यबिधि, २०७६ र प्राविधिक मापदण्ड तथा संचालन विधि, २०७६ अनुसार छनोटमा परेकोले पहिलो पक्ष बाट स्वीकृत ईस्टिमेट/डिजाईन बमोजिम कार्यक्रम संचालन गर्न अनुमति दिईएकोले तपसिल बमोजिमका शर्तहरुका अधिनमा रही दोस्रो पक्षले तोकिएको समय भित्र कार्य प्रारम्भ र सम्पन्न गर्न सहमत भई पहिलो र दोस्रो पक्ष बिच तपसिलका साक्षीहरुको रोहवरमा यस सम्झौतापत्रमा सहि छाप गरी एक-एक प्रति लियौं/दियौं ।

तपसिल

१. पहिलो पक्षबाट स्वीकृत लागत ईस्टिमेट/डिजाईन र प्राप्त हुने आवश्यक प्राविधिक सरसल्लाह एवं सुझाव अनुसार दोस्रो पक्षले .............(को जि.पि.एस./चार किल्ला..............) को कार्ययोजना अनुसार कार्यक्रम/कार्यहरु मिति ....................भित्र प्रारम्भ गरी मिति......................भित्र सम्पन्न गरि सक्नु पर्नेछ ।

२. दोस्रो पक्षले पहिलो पक्षबाट कायदिश प्राप्त गरेको परियोजनाहरुको जडान कार्य तालिका पहिलो पक्षबाट स्विकृत गराई तोकिएको कार्यक्रम सुपरिवेक्षकको रेखदेख तथा निर्देशन बमोजिम जडान कार्य सम्पन्न गर्नुपर्नेछ ।

३. दोस्रो पक्षले अनुदानग्राहीलाई सात दिन अगाबै स्विकृत कार्य तालिका बमोजिम जडान कार्यको मितिको जानकारी गराउनु पर्नेछ । कार्य तालिका बमोजिम अनुदानग्राहीले जडान कार्य नगराएमा सात दिन भित्र दोस्रो पक्षले पहिलो पक्षलाई सोको जानकारी गराउनु पर्नेछ ।

४. दोस्रो पक्षले सम्पादन गरेका कार्यहरुको नापजाँच र मूल्याङ्कन पहिलो पक्षबाट खटाईएको प्राविधिकबाट गरिनेछ । दोस्रो पक्षले तोकिएको म्याद भित्र प्राविधिकवाट तयार पारिएका विस्तृत नापजाँच विवरण, कार्य सम्पन्न प्रतिवेदन र कार्य सम्झौताको प्रतिलिपि सहितका अन्य आवश्यक कागजातहरु तथा प्राविधिकको सिफारिस सहितको लिखित निवेदन भुक्तानीको लागि पहिलो पक्ष समक्ष पेश गर्नु पर्नेछ ।

५. दोस्रो पक्षद्वारा पहिलो पक्ष समक्ष पेश गरेको कार्यक्रम संचालनको लागि खरिद गरिएको सामग्री/वस्तु/सेवाको बिल, भर्पाईका आधारमा पहिलो पक्षले व्यहोर्नु पर्ने अनुदान रकम कार्यक्रम सम्पन्न भए पश्चात मात्र भुक्तानी दिईनेछ ।

६. पहिलो पक्षले संचालित कार्यक्रमको ईस्टिमेट/डिजाईन तथा कार्ययोजना बमोजिमको कार्य दोस्रो पक्षले संचालन गरे/नगरेको नियमित अनुगमन गर्नेछ र कार्यक्रमको अनुगमन तथा निरीक्षण कार्यमा दोश्रो पक्षले सहयोग गर्नु पर्नेछ ।

७. यस सम्झौता बमोजिम उल्लेखित कार्य सम्पादन गर्दा परी आउन सक्ने कुनै पनि प्राकृतिक प्रकोप र भबितव्यको पूर्ण जिम्मेबारी दोश्रो पक्ष स्वंयम हुनेछ ।

८. कार्यक्रम अनुसार प्रवाह हुने अनुदान रकमको कार्यक्रममा तोकिए अनुसारको साझेदार अनुदानग्राहीको लागानीको आर्थिक दायित्व(प्रतिशत) बराबरको रकम अनुदानग्राहीवाट प्राप्त गर्ने दायित्व दोस्रो पक्षको हुनेछ।

९. कार्यक्रमको ईस्टिमेट/डिजाईनमा उल्लेखित कन्टीन्जेन्सी बापतको रकम कट्टा गरी बाकी रकम मात्र भुक्तानी गरिनेछ ।

१०. अख्तियारी प्राप्त निकायले प्राप्त कागजातको आधारमा दोस्रो पक्षको बैंक खातामा सोझै जम्मा हुनेगरी वा एकाउन्ट पेयी चेक मार्फत देहाय बमोजिम अनुदान रकम उपलब्ध गराउनेछ ।

(क) बैङ्कको नामः-

(ख) डिजिटल खाता नं.:

११. अन्य आवश्यक शर्तहरु

(क)

(ख)

यस सम्झौतामा उल्लेख नभएका व्यहोराको हकमा प्रचलित कानून बमोजिम हुनेछ ।

**प्रथम पक्ष**

सहीः

नामः

पदः

कार्यालयः

मोवाईल नं.

कार्यालयको छापः

**दोश्रो पक्ष**

दस्तखतः(लेखात्मक) (रेखात्मक)

| दायाँ | वायाँ |
|---|---|
| | |

नामः

नागरिकता प्रमाणपत्र नं.:

पदः

ठेगानाः

मोवाईल नं.

संस्थाको छापः

रोहवर

सहीः

नामः

पदः

मोवाईल नं.

रोहवर

सहीः

नामः

पदः

मोवाईल नं.

ईति सम्वत .................................................

फारम नं ८

# ......................कार्यक्रम/कार्य सम्पन्न प्रतिवेदनः

१. आनुदानग्राहीको नाम-ः

२ . स्थायी ठेगाना-ः

३. आ.व.ः-

४. दर्ता नं..... दर्ता मिति-.......

५. कार्यक्रमको संचालन हुने स्थल-ः

६ . परियोजना स्थलको जि.पि.एस. कोड/चार किल्ला

७. कार्य सम्झौता मिति-ः

८. कार्यसम्पन्न मिति-ः

९. लागत-इष्टिमेट रकम-

१०. कार्य सम्पन्न बिल रकम रु.

११. घटी/बढिः-

| सि. नं. | कार्य विवरण | ईकाई | इष्टिमेट अनुसारको | | | सम्पादित कार्यको | | | सम्पादित परिमाणमा फरक | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | परिमाण | दर | जम्मा रकम | परिमाण | दर | जम्मा रकम | परिमाण | रकम | |
| | | | | | | | | | | | |
| | | | | | | | | | | | |
| | | | | | | | | | | | |
| | | | | | | | | | | | |
| | | | | | | | | | | | |
| | | | | | | | | | | | |
| | | | | | | | | | | | |
| | | | | | | | | | | | |
| | | | | | | | | | | | |
| | | | | | | | | | | | |

उपरोक्त अनुसारको काम सम्पन्न भएको हो । मैले/हामिले जडान कार्यवापत जम्मा गरेको सझेदारी रकमको लिने/दिने हिसाव समेत फर-फारक भैसकेको छ । (आनुदानग्राहीको नाम दस्तखत/औंठा छाप)

| पेश गर्नेको दस्तखतः | जांच गर्नेको दस्तखतः | स्वीकृत गर्नेको दस्तखतः |
|---|---|---|
| नाम, थरः | नाम, थरः | नाम, थरः |
| पदः | पदः | पदः |
| कार्यालयको नामः | कार्यालयको नामः | कार्यालयको नामः |
| मोवाईल नं. | मोवाईल नं. | मोवाईल नं. |
| मितिः | मितिः | मितिः |